# दक्षिणकाली नगरपालिका
## 𑐡𑐎𑑂𑐳𑐶𑐞𑐎𑐵𑐮𑐷 𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

# नगर राजपत्र

| खण्डः ०३ | संख्याः २३ | मितिः असार १ गते, २०७६ |
|---|---|---|


### भाग-२

## दक्षिणकाली नगरपालिका

### आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) सम्वन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

यस दक्षिणकाली नगरपालिकाबाट संचालित हुने विकास निर्माण योजनासंग सम्बन्धित योजनाहरु जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, सहभागीतामुलक, दिगो र गुणस्तरियका साथै व्यवस्थित तरिकाले संचालित गर्ने कार्यमा सहयोग पुर्याउने उद्देश्यले नगर कार्यपालिकाबाट स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १, २ ले दिएको अधिकार प्रयोग गरी आयोजना संचालन सम्वन्धि कार्यविधि, २०७६ तर्जुमा गरि लागु गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आयोजना संचालन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले सदर गरेको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'आयोजना' भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएक व्यवस्थित कृयाकलाप सम्झनुपर्दछ ।

(ख) 'उपभोक्ता समिति ' भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत संभार गर्नाका लागी आफुहरु मध्येबाट निश्चित प्रकृया वमोजिम गठन गरेको समिति सम्झनुपर्दछ र सो शव्दले लाभग्राही समुह समेतलाई जनाउदछ ।

(ग) 'कार्यक्रम भन्नाले' निश्चित उद्देश्यको लागी तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झनुपर्दछ ।

(घ) 'कार्यविधि' भन्नाले आयोजना व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(ङ) 'गैरसरकारी संस्था' भन्नाले यस कार्यविधिको प्रयोजनका निमित्त प्रचलित कानून वमोजिम स्थापना भएका र नगरपालिकाबाट आफ्नो कार्यक्रम स्विकृत गराइ स्थानिय तहसंग समन्वय राखी कार्य संचालन गर्ने गैर नाफामुलक संस्था सम्झनुपर्दछ ।

(च) ठूला मेशिनरी तथा उपकरण' भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुर्याउने प्रकृतिका ठूला मेशिनरी उपकरण (वुलडोजर, एक्साभेटर आदि) र श्रममुलक प्रविधिलाई विस्थापित गर्ने खालका मिशिनरी तथा उपकरण सम्झनुपर्दछ ।

(छ) 'नगरपालिका, नगरकार्यपालिका र नगरसभा' भन्नाले तोकिएको अवस्थामा वाहेक दक्षिणकाली नगरपालिका, नगरकार्यपालिका र नगरसभा सम्झनुपर्दछ ।

(ज) 'विषयगत कार्यालय' भन्नाले संघीय, प्रदेशिक र स्थानिय तह मातहतका कार्यालय सम्झनुपर्दछ ।

(झ) 'विकास साझेदार' भन्नाले नेपाल सरकारसंग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम प्राविधिक सहयोग उपलव्ध गराउने ।

३. **कन्टेन्जेन्सी खर्च सम्बन्धी व्यवस्था**: यस दक्षिणकाली नगरपालिकाबाट संचालन गरिने वडास्तरिय वा नगरस्तरिय कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारीता तथा मितव्ययिताको सिद्दान्त अनुसार संचालनमा सहयोग पुर्याउन पूँजीगत लगानीको समष्टिगत रकमबाट नगरपालिकाले बढीमा ३ प्रतिशतसम्म रकम छुट्याई खर्च गर्न सकिनेछ ।

४. **खर्च शर्त, अवधि**: उपदफा (१) वमोजिम कन्टेन्जेन्सी खर्च गर्दा देहायको अनुपातको आधारमा मात्र खर्च गर्न सकिने छ ।

क. सो शिर्षकमा कट्टा भएको कुल जम्मा रकम मध्ये ५० प्रतिशत प्रशासनिक पूँजिगत शिर्षकमा वजेटको अवस्था हेरी निर्णय गराइ खर्च गरिनेछ ।

ख. बाकी रहेको ५० प्रतिशत रकम देहायको कृयाकलापहरुमा मात्र खर्च गरिनेछः-

- आयोजना सर्वेक्षण वा संभाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान, तथा वातावरणीय, वृहत गुरु योजना, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च,
- समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्वन्धी खर्च,
- आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च,
- सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लेखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय,

- आयोजना व्यवस्थापनका लागी चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरु,
- गुणस्तर परीक्षणका लागी प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,
- प्राविधिक फिल्ड भत्ता,

१०. **विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

प्रमाणीकरण: २०७६ असार १ गते

मूल्य रू. १०/-

आज्ञाले

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत